भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
कोशी प्रदेश, नेपाल

# भद्रपुर नगरपालिका

## स्थानीय राजपत्र

## कोशी प्रदेश झापा नेपाल

भद्रपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ७ भद्रपुर, फाल्गुण २१ गते, २०८० साल,  संख्या ४

**भाग २**

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको कार्यबिधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**भद्रपुर नगरपालिकाकाको स्थानीय सेवाको तहवृद्धि तथा बढुवा सम्बन्धी कार्यविधि, २०८०**

*स्वीकृत मिति २०८०/११/२०*

*प्रमाणीकरण मिति २०८०/११/२१*

भद्रपुर नगर कार्यपालिकाको कार्यालय भद्रपुर, झापा कोशी प्रदेश, नेपाल

# प्रस्तावना

कोशी प्रदेशको स्थानीय सरकारी सेवा गठन तथा सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा १०३(३) बमोजिम भद्रपुर नगरपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कामकाजलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,स्थानीय सरकारी सेवाको गठन संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न भद्रपुर नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो स्थानीय सेवाको तहवृद्धि तथा बढुवा सम्बन्धी कार्यविधि, २०८०" हुनेछ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात भद्रपुर नगरपालिकामा लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "ऐन" भन्नाले कोशी प्रदेश सरकारबाट जारी स्थानिय सरकारी सेवा गठन संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८० लाई सम्झनुपर्दछ ।

(२) "कर्मचारी" भन्नाले भद्रपुर नगरपालिकाको स्थानीय सेवाको पदमा बहालमा रहेको जुनसुकै कर्मचारी कर्मचारीलाई सम्झनुपर्दछ ।

(२) "कार्यालय" भन्नाले भद्रपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय, झापालाई सम्झनु पर्दछ ।

(३) "नगरपालिका" भन्नाले भद्रपुर नगरपालिकालाई सम्झनुपर्दछ ।

(४) "नगरकार्यपालिका" भन्नाले भद्रपुर नगरकार्यपालिकालाई सम्झनुपर्दछ ।

(५) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोग, विराटनगरलाई सम्झनुपर्दछ ।

(६) "अख्तियारवाला" भन्नाले नियुक्ति, पदस्थापना, तह बृद्धी तथा बढुवा गर्न सक्ने पदाधिकारीलाई सम्झनु पर्दछ ।

३. सूचना प्रकाशन गर्नुपर्नेः (१) ऐनको दफा २७(३) बमोजिम नगरपालिकाले स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको तह वृद्धि तथा बढुवा लागि समितिले प्रत्येक वर्षको असार महिना तथा पौष महिनाको पहिलो हप्ताभित्र तहवृद्धि वा बढुवा लागि सम्भाव्य उम्मेद्वारहरुका लागि कम्तिमा १ महिनाको म्याद दिई दरखास्त आह्वान सम्बन्धि सूचना प्रकाशन गर्नुपर्नेछ

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना नगरपालिकाको सूचनापाटी, सबै वडा कार्यालयहरुको सूचनापाटी, नगरपालिकाको वेभसाइटमा प्रकाशन गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रकाशित सूचनामा तोकिए बमोजिम संलग्न गर्नुपर्ने देहायका कागजातहरु देहाय अनुसार हुनेछन ।

क. न्यूनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी ,

ख. सुरु नियुक्ति प्रमाणित प्रतिलिपी,

ग. हालको पदमा नियुक्ति प्रमाणित प्रतिलिपी,

घ. अन्य कार्यालयबाट समायोजन भई आएको भए सोको समायोजन पत्र र रमाना पत्रको प्रमाणित प्रतिलिपी ।

४. **समिति गठन गर्नुपर्ने**:(१) तहवृद्धि गर्ने प्रयोजनका लागि प्रत्येक आर्थिक वर्षमा ऐनको दफा २७ को उपदफा(४)बमोजिम देहाय अनुसारको तह वृद्धि तथा बढुवा सिफारिस समिति गठन गर्नुपर्नेछ

क. प्रमुख प्रशासकीय अधिकृत ..........................................अध्यक्ष

ख. कार्यपालिकाले तोकेको बरिष्ठ महिला कर्मचारी ...................सदस्य

ग. कार्यपालिकाले तोकेको बरिष्ठ पुरुष कर्मचारी .......................सदस्य

(२) उपदफा (१) बमोजिम गठित समितिको सचिवालयको रुपमा कार्यालयको कर्मचारी प्रशासन हेर्ने शाखाले काम गर्नेछ ।

(३) समितिले आफ्नो बैठकमा कर्मचारी प्रशासन हेर्ने शाखाको प्रमुख तथा अन्य कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) सिफारिस समितिलाई तहबृद्धी सम्बन्धमा कुनै कुरामा द्विविधा उत्पन्न भएमा ऐनको दफा ३८ बमोजिम गर्नु पर्नेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

५. आवश्यक न्यूनतम् योग्ता र सेवा अवधि -.

| बढुवा हुने पद | बढुवा हुन लाग्ने अवधि | न्यूतम शैक्षिक योग्यता | |
|---|---|---|---|
| | | स्वास्थ्य सेवा बाहेकका अन्य सेवा | प्रदेश स्वास्थ्य सेवा |
| अधिकृत एघारौ | अधिकृत दशौ तहमा कम्तिमा तीन वर्ष सेवा अवधि पुरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह उर्तिण | स्वास्थ्य सेवा सम्बन्धि संघिय कानूनले तोकेको न्यूनतम् शैक्षिक योग्यता |
| अधिकृत नवौ | अधिकृत अठौ तहमा कम्तिमा तीन वर्ष सेवा अवधि पुरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उर्तिण | स्वास्थ्य सेवा सम्बन्धि संघिय कानूनले तोकेको न्यूनतम् शैक्षिक योग्यता |
| अधिकृत सातौ | अधिकृत छैटौ तहमा कम्तिमा तीन वर्ष सेवा अवधि पुरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उर्तिण गरेको | स्वास्थ्य सेवा सम्बन्धि संघिय कानूनले तोकेको न्यूनतम् शैक्षिक योग्यता |
| सहायक पाचौं | सहायक चौथो तहमा कम्तिमा तीन वर्ष सेवा अवधि पुरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा एस.ई.ई. वा सो सरह उर्तिण गरेको | स्वास्थ्य सेवा सम्बन्धि संघिय कानूनले तोकेको न्यूनतम् शैक्षिक योग्यता |
| सहायक चौथो | कार्यलय सहयोगी पदमा कम्तिमा तीन वर्ष सेवा अवधि पुरा गरेको | कम्तिमा एस.ई.ई वा सो सरह उर्तिण गरेको | - |

६.दरखास्त दिने: (१) दफा ३ बमोजिम प्रकाशित सूचनाको म्याद भित्र तहवृद्धिका लागि सम्भाव्य उम्मेद्वारहरुले तोकिए बमोजिमको ढाँचामा कार्यालयमा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पेश गर्दा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछः

क. सेवा अवधि प्रमाणित भएको कार्यालयको पत्र,

ख. तोकिएको शैक्षिक योग्यताको लब्धांक तथा चारित्रिक प्रमाणपत्रको उमेद्वार स्वयंले प्रमाणित गरेको छायाँप्रति,

ग. गयल कट्टी नभएको, सेवा निरन्तरता रहेको, विभागीय कारबाहीमा नपरेको, अध्ययन/असाधारण विदामा नबसेको प्रमाणित हुने कार्यालयको पत्र,

घ. पेसा सम्बन्धि व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको उमेद्वार स्वयंले प्रमाणित गरेको छायाँप्रति (आवश्यक हुनेको हकमा),

ङ. समितिले तोके अनुसार सूचनामा माग भएका अन्य कागजातहरु ।

७.<u>जाँचबुझ गर्ने</u>: (१) दफा ६ बमोजिम प्राप्त दरखास्त तथा अन्य कागजातहरु समितिले जाँचबुझ गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कागजात जाँच गर्दा कुनै उम्मेद्वारको तहवृद्धिका लागि आवश्यक पर्ने आधारभुत कागजात नपुगेको देखिएमा तत्काल सम्बन्धित कर्मचारीलाई जानकारी गराई उक्त कागजात पेश गर्न बढीमा ३ दिनको समय दिनुपर्नेछ ।

तर, उम्मेद्वारले छुटेको कुनै कागजात पेश गर्दा दरखास्त पेश गर्ने अन्तिम मिति भित्र जारी भएका कागजात वा प्रमाणपत्र मात्र पेश गर्न सक्नेछ । दरखास्त पेश गर्ने अन्तिम मिति पछि जारी भएका कागजात वा प्रमाणपत्रलाई समितिले मान्यता दिनेछैन ।

८.<u>सिफारिस गर्ने</u>: (१) दफा ७ बमोजिम दरखास्त फारम तथा अन्य कागजात जाँचबुझ गर्दा निम्न बमोजिम मापदण्ड पुरा भएको देखिएमा समितिले कर्मचारीको तहवृद्धिका लागि सिफारिस गर्नुपर्नेछः

क. पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषतमा नब्बे प्रतिशत भन्दा बढी अंक प्राप्त गरेको,

ख. ऐनको दफा २८ बमोजिमको शैक्षिक योग्यता हासिल गरेको,

ग. नसिहतको सजाय पाएको भए सो सजाय पाएको एक वर्ष पुरा भएको, तलबवृद्धि वा बढुवा रोक्का भएको भए सो अवधि पुरा भएको,

घ. असाधारण विदामा नबसेको,

ङ. निलम्बनमा नभएको,

च. पेसा सम्बन्धि व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको अवधि नसकिएको (आवश्यक हुनेको हकमा)

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा कुनै उम्मेद्वार तहवृद्धिका लागि सिफारिस नभएमा तहवृद्धिका लागि सिफारिस नहुनाको कारण जनाई निजलाई समितिले जानकारी गराउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम सिफारिस गर्दा तहवृद्धि हुने पद, तह, सेवा, समूह, ज्येष्ठता लागू हुने मिति समेत खुलाई सिफारिस गर्नुपर्नेछ ।

(४) यसरी तहबृद्धी गर्दा माथिल्लो पद स्वतह सृजना हुनेछ ।

(५) माथिल्लो पदमा तह बृद्धी भएको कुनै कर्मचारीको अवकास भएमा वा कुनैपनि कारणले सेवामा नरहेमा त्यस्तो पद स्वत तल्लो पदमा कायम हुनेछ ।

९.<u>तहवृद्धिको पत्र दिने</u>: (१) दफा ८ बमोजिम सिफारिस भएका कर्मचारीलाई समितिले कार्यपालिकाबाट निर्णय गराई ७ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले तहवृद्धि भएको पत्र दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पत्र दिँदा मन्त्रालय, प्रदेश किताबखाना, प्रदेश लोक सेवा आयोग, कार्यालयको कर्मचारी प्रशासन हेर्ने शाखा तथा आर्थिक प्रशासन शाखालाई समेत बोधार्थ दिनुपर्नेछ ।

१०.स्थानिय सरकारी सेवाका कर्मचारी, चौथो तहका कर्मचारी र छैटौं तहका कर्मचारीहरुको तहवृद्धि सम्बन्धि विशेष व्यवस्था: (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि ऐनको दफा १६ को उपदफा (१५) तथा दफा ८ को उपदफा (१६) बमोजिम निजामति सेवा बाहेक अन्य सेवाबाट नगरपालिकामा नवौं तहसम्मको समान तहमा समायोजन भई ऐन जारी हुँदाका बखत सम्म तहवृद्धि नभएका, सहायकस्तर चौथो तहको पदमा समायोजन भई ऐन जारी हुँदाका बखतसम्म पाँच वर्ष सेवा अवधि पुरा भएका र संघीय लोक सेवा आयोगबाट छैटौं तहमा सिफारिस भई नियुक्ती भएका कर्मचारीहरुको तहवृद्धिका लागि देहाय अनुसार कार्यालयले निर्णय गरी हाल वहालमा रहेको तहमा एक तह वृद्धि गरी तहवृद्धि सम्बन्धि पत्र दिनुपर्नेछ ।

(क) ऐनको दफा ८ (१४) बमोजिम चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको दफा २७(३) अनुसार निणर्य गरी नियुक्तिपत्र दिनेछ ।

(ख) संघिय लोकसेवा आयोगबाट खुल्ला प्रतियोगात्मक परिक्षाद्धारा स्थानिय सेवाको छैटौ तहको पदमा सिफारिस भई नियुक्ति समेत भई सकेका कर्मचारीलाई स्थानिय सेवाको सातौं तहका लागि आवश्यक न्यूनतम् शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवाले सातौं तह कायम गरी दिने । यसरी तह बृद्धी हुने भएमा छैटौ तह स्वत सातौं तहमा परिणत हुनेछ । यसरी तह बृद्धी हुने कर्मचारी सेवाबाट अलग भएमा, सरुवा भई अन्यत्र गएमा या अन्य कुनै कारणले रिक्त भई सो पद स्वत अधिकृत स्तर छैटौं हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा ३१ बमोजिम देहायको अवस्था र अवधिभर बढुवाका लागि सम्भाव्य उमेरद्वार हुन पाउने छैन र उक्त अवधिभर निजको तह वृद्धि समेत रोक्का रहने छ ।

क. निलम्बन भएकोमा निलम्वन भएको अवधिभर,

ख. तहबृद्धी वा बढुवा रोक्का भएकोमा तहबृद्धी वा बढुवा रोक्का भएको अवधिभर ,

ग. तलव बृद्धी रोक्का भएकोमा तलव बृद्धी रोक्का भएको अवधिभर ,

ङ. असाधारण वा अध्ययन बिदामा बसेकोमा सो बिदाको अवधिभर ,

च. स्थानिय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धि व्यवसायिक परिषदमा नाम दर्ता निलम्वन भएको भए त्यस्तो निलम्वनको अवधिभर

(३) उपदफा (१) बमोजिम तहवृद्धिका लागि सम्भाव्य कर्मचारीले यो कार्यविधि जारी भएपछि सूचनाको म्याद भित्र समायोजन भएको पत्र तथा हालको पदमा नियुक्ति भएको नियुक्ती पत्र सहित निवेदन दिनुपर्नेछ। प्राप्त निवेदन बमोजिम उपदफा (२) को अवस्थामा नरहेको देखिएमा कार्यालयले निर्णय गरी ७ दिन भित्र तहवृद्धिको पत्र दिनुपर्नेछ ।

"यस दफाको प्रयोजनका लागि तहवृद्धि भन्नाले हाल वहालमा रहेको तह भन्दा एक तह माथिको तहमा हुने वृद्धिलाई सम्झनुपर्नेछ ।"

११. <u>ज्येष्ठता गणना:</u> (१) कोशी प्रदेश सरकारबाट जारी स्थानिय सरकारी सेवा गठन संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८० को दफा २६ (१)(२)(३) बमोजिम हुनेछ र सोही जेष्ठताको अवधीलाई तहबृद्धी हुने कर्मचारीका लागि सेवा अवधि मानिनेछ ।

१२. <u>पदनाम:</u> (१) यस कार्यविधि बमोजिम तहवृद्धि हुने पदको पदनाम ऐनको दफा ४ बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहायकस्तर पाचौं तहबाट अधिकृतस्तर छैठौं तहमा वृद्धि हुने स्थानीय तहको सेवाका कर्मचारीको पदनाममा अधिकृतस्तर भन्ने पदनाम कायम गर्न सकिनेछ ।

१३. <u>तहवृद्धि भएका कर्मचारीको सेवा, सुविधा:</u> (१) यस कार्यविधि बमोजिम तहवृद्धि भएका कर्मचारीले तहवृद्धिका लागि सिफारिस भएको मितिदेखि लागू हुने गरी वृद्धि भएको तहको सेवा सुविधा प्राप्त गर्नेछन् ।

१४. <u>अभिलेख राख्नुपर्ने:</u> (१) यस कार्यविधि बमोजिम तहवृद्धि हुने कर्मचारीहरुको अभिलेख कार्यालयले दुरुस्त राख्नुपर्नेछ र तालुक निकायबाट माग भएको बखत तत्काल उपलब्ध गराउनुपर्नेछ ।

**१५. सुविधा दिन सक्ने** -(१) साविकका स्थानिय निकायबाट स्थानिय तहमा समायोजन भएका तथानगरपलिकामा कार्यरत अस्थायी करार कर्मचारीहरुलाई निश्चित सेवा अवधी पश्चात सेवाबाट अलग हुँदा कार्यपालिकाले निणर्य गरी पुरस्कार वापत एकमुष्ठ रकम उपलब्ध गराउन सक्नेछ साथै कर्मचारीहरुका तर्फबाट १०% र नगरपालिकाकोतर्फबाट १०% थप गरी ऐनको दफा १४४ अनुसार सामाजिक सुरक्षा कोष मार्फत सेवा सुविधा दिन बाधा पर्ने छैन ।

(२) उपदफा (१) को व्यवस्थाका अतिरिक्त नगरपालिकाले करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुको खाईपाई आएको पारिश्रमिकबाट १०% कट्टा गरी सो मा शतप्रतिशत हुने रकम थप गरी सञ्चयकोषमा जम्मा गर्न बाधा पर्ने छैन ।

(३) यस्तो जम्मा भएको रकम कर्मचारी सेवाबाट अलग भए पश्चात मात्र उपलब्ध हुनेछ । यसका लागि नगरपालिकाको कर्मचारी सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धि कानून बनाई लागु गर्नुपर्नेछ ।

**१६. कामकाजमा खटिएका कर्मचारी सम्बन्धि व्यवस्था** - कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तरगत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानिय तहमा तह बृद्धी हुने एक स्थानिय तहबाट अर्को स्थानिय तहमा खटिएका कर्मचारीका हकमा दरबन्दी रहेको वा पदाधिकार रहेको कार्यालयमा तह बृद्धी गरिने छ ।

१७. **उजुरी दिन सक्ने** - तह बृद्धीको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएका मितिले २१ दिनभित्र कोशी प्रदेशलोकसेवा आयोगमा उजुरी वा गुनासो गर्न सकिने छ ।

१८. **प्रचलित कानून बमोजिम हुने** - कोशी प्रदेश सरकारबाट जारी स्थानिय सरकारी सेवा गठन संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८० अनुसार यस कार्यविधमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१९. **बढुवा सम्बन्धि विशेष व्यवस्था** - भद्रपुर नगरपालिकाको कार्यालय सहयोगीको पदमा कम्तिमा ३ वर्ष सेवा अवधि पुरा गरेका कार्यालय सहयोगीहरु मध्येबाट कम्तिमा एस.ई.ई. वा सो सरह उर्तिण रहेछ भने ऐनको दफा २७(४) बमोजिमको समितिले सहायक चौथो तहमा ऐनको दफा २८ बमोजिम सहायक चौथो तहमा बढुवा गरी नियुक्ति दिनु पर्नेछ ।

२. भद्रपुर नगरपालिका अविछिन्न रुपमा ३ वर्षसम्म कार्यरत रहेका कम्तिमा एस.ई.ई. उर्तिण गरी मान्यता प्राप्त कम्प्यूटर केन्द्रबाट कम्प्यूटर चलाउन सक्ने आधारभुत परिक्षा उर्तिण गरेको प्रमाणपत्र भएका कर्मचारीहरुलाई सहायक कम्प्यूटर अपरेटरको पदले पाउने सेवा सुविधा दिई कामकाज लगाउने गरी बढुवा गर्न ऐनको दफा २७(४) बमोजिमको समितिलाई बाधा पर्ने छैन । यसरी बढुवा हुने पद स्वत तल्लो पद परिवर्तन भई बढुवा भएको पदमा परिणत भएको मानिने छ ।

२०. बाधा अड्काउ फुकाउने- (१) यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार प्रदेश लोकसेवा आयोगको परामर्शमा भद्रपुर नगरकार्यपालिकामा रहने छ ।

(२) यो कार्यविधि प्रचलित संघीय कानून तथा प्रदेश कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।

(३) भद्रपुर नगरपालिकाबाट यस अघि तहबृद्धी तथा बढुवा सम्बन्धि भए गरेका काम कार्यवाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले

सुनिल निरौला

प्रमुख प्रशासकीय अधिकृत